नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(संघीय मामिला महाशाखा)

प.सं ०७६\७७
च.नं ४८६

मितिः २०७७।०३।०७

विषयः निर्णय कार्यान्वयन सम्वन्धमा ।

श्री गाउँपालिका/नगरपालिका (सवै)

कोभिड-१९ संकट व्यवस्थापन सञ्चालन केन्द्रको मिति २०७७।०३।०६ को पत्र यसैसाथ संलग्न छ । तहाँसँग सम्वन्धित विषयहरुको आवश्यक कार्यान्वयन तथा सहजीकरण गर्न गराउनुहुन यस मन्त्रालयको निर्णयानुसार अनुरोध गरिन्छ ।

विष्णुहरी वराल
शाखा अधिकृत

**वोधार्थः**
श्री सूचना तथा प्रविधि शाखाः Website मा राख्ने प्रयोजनको लागि ।

नेपाल सरकार

# कोभिड-१९ संकट व्यवस्थापन संचालन केन्द्र,

छाउनी, काठमाण्डौं

टोल फ्रि नं.: ११४०
टेलिफोन नं.: ०१-४२७१७३०
०१-४२८६६६०
इमेल.: ccmc.syops@gmail.com

प.सं.:- ०७६/७७/४२
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :-

मितिः २०७७/०३/०६ गते ।

विषय : निर्णय कार्यान्वयन गर्ने/गराउने सम्बन्धमा ।

श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाण्डौ ।

प्रस्तुत विषयमा CCMC निर्देशक समितिको मिति २०७७/०३/०५ गतेको निर्णयको पाना-२ (दुई) संलग्न छ । तंहा मन्त्रालयबाट सबै पालिकाहरुलाई आफूसंग सम्बन्धित विषयमा निर्णय कार्यान्वयन गर्न/गराउन पत्रचार गरिदिनु हुन निर्देशानुसार अनुरोध छ ।

(गान्धव प्रसाद ढुङ्गाना )
उप-सचिव

बैठक संख्याः ३

मितिः २०७७-०३-०५

<u>सिसिएमसि निर्देशक समितिका निर्णयहरु</u>

१: हाल देशभर संचालनमा रहेका क्वारेन्टाईन स्थलहरुलाई आवश्यकता अनुसार सुधार गर्ने र सो कार्यमा आवश्यक अनुगमन तथा सहजीकरणको व्यवस्था प्रदेश सरकारले मिलाउने। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको National Testing Guideline अनुरुप शीघ्र स्वास्थ्य परीक्षणको व्यवस्था मिलाउने।

२: कोभिड-१९ संकट व्यवस्थापन संचालन केन्द्र (CCMC) निर्देशक समितिको मिति २०७७/०२/३१ को निर्णय तथा आईसोलेसन सेन्टर सम्वन्धी निर्देशिका अनुसार आईसोलेसन सेन्टरहरुको व्यवस्थापन प्रदेश सरकारले गर्ने।

३: हाल स्थापित प्रयोगशालाहरुको क्षमता बृद्धि गरी पूर्ण क्षमतामा संचालन गर्ने, नयाँ प्रयोगशाला थप गर्न र प्रदेश सरकार मातहत संचालनमा रहेका प्रयोगशालाहरुको क्षमता विस्तारका लागि प्रदेश सरकारसँगको समन्वयमा आवश्यक सहजीकरण गर्ने व्यवस्था मिलाउने। National Testing Guideline अनुसार मात्र Sample लिने र Test गर्ने।

४: सम्बन्धित देशको सरकार र रोजगारदाता कम्पनीबाट खर्च नव्यहोर्ने अवस्था भई आफ्नो खर्चमा स्वदेश फर्कन नसक्ने अवस्थामा परेका नेपाली नागरिकहरुको उद्दारको लागि सरोकारवालाहरुको समन्वयमा श्रम तथा रोजगार मन्त्रालयले तत्काल कार्यविधि बनाई कार्यान्वयनमा ल्याउने।

५: विदेशबाट ल्याइएका शवको व्यवस्थापन सम्बन्धी आवश्यक कार्य सरोकारवालाहरुको समन्वयमा श्रम तथा रोजगार मन्त्रालयले गर्ने। कोभिड-१९ को सक्रमणबाट मृत्यु भएका शवको व्यवस्थापन पूर्व निर्णयानुसार गर्ने। सदरमुकामबाट टाढा रहेका स्थानमा DCCMC ले LCCMC सँगको समन्वय तथा सुरक्षा निकायको सहयोगमा सम्पन्न गर्ने।

६: कोभिड-१९ को संक्रमणको हालको अवस्था तथा संक्रमण दर र विदेशबाट आउने व्यक्तिको संख्या समेतलाई मध्यनजर गरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले संक्रमण आँकलन गरी तयार गरेको स्वास्थ्य सामग्रीहरुको आपूर्ति योजना अनुसार PCCMC, DCCMC र LCCMC को समन्वयमा स्वास्थ्य सामग्रीहरुको आपूर्तिको व्यवस्था मिलाउने। Test reagent, PPE/N95 Mask, Ventilator, Oxygen, ICU Support सहित औषधी केन्द्रबाट र अन्य स्वास्थ्य सामग्री प्रदेश/स्थानीय तहबाट व्यवस्था गर्ने ।

नेपाल सरकार
कोभिड-१९ संकट व्यवस्थापन संचालन केन्द्र (CCMC)
निर्देशक समिति

७. कोभिड-१९ को संक्रमणको कारणबाट स्वास्थ्य जोखिममा रहेका महिला, वालवालिका, वृद्धवृद्धा, फरक क्षमता भएका नागरिकहरुको स्वास्थ्य परीक्षण र उपचार व्यवस्थाका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आवश्यक प्रवन्ध मिलाउने।

८:

(क) विदेशस्थित नेपाली कूटनीतिक नियोगमा कार्यकाल समाप्त गरी स्वदेश फर्कने तथा नयाँ जिम्मेवारी सम्हाल्न जाने नियोग प्रमुख लगायत अन्य कर्मचारी र परिवारका निकट सदस्यहरू एवं नेपालमा सञ्चालित आयोजनामा खटिएका विदेशी नागिरकलाई परराष्ट्र मन्त्रालयको सिफारिसमा कोभिड-१९ को रिपोर्ट चाहिने भएमा सो जाँच गर्दा लाग्ने खर्च सम्बन्धित व्यक्तिले नै व्यहोर्ने गरी र प्रचलित जनस्वास्थ्य प्रोटोकल पालना गर्ने गरी आवतजावत अनुमति दिने।

(ख) वैदेशिक रोजगारीमा रही विदामा नेपाल आएका र नयाँ रोजगारीको लागि विदेश जाने श्रमिकहरुको हकमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय तथा अध्ययनको लागि विदेश जाने विद्यार्थीहरुका हकमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको सिफारिशमा कोभिड-१९ को रिपोर्ट चाहिने भएमा सो जाँच गर्दा लाग्ने खर्च सम्बन्धित व्यक्तिले नै व्यहोर्ने गरी र प्रचलित जनस्वास्थ्य प्रोटोकल पालना गर्ने गरी आवतजावत अनुमति दिने।

९: कोभिड-१९ को संक्रमणको हालको अवस्था तथा संक्रमण दर र विदेशबाट आउने व्यक्तिको संख्या समेतलाई मध्यनजर गरी क्वारेन्टाइन, आइसोलेसन व्यवस्थापन तथा प्रयोगशालाको क्षमता विस्तारका लागि समेत तत्कालका लागि कोरोना रोकथाम, नियन्त्रण तथा उपचार कोषबाट रु. ३५ करोड प्रदेश सरकार मार्फत सम्बन्धित पालिकाहरुलाई निकासा दिने।

१०: जनसंख्याको अनुपात र कोभिड-१९ का सक्रिय केशहरुका आधारमा बढी संक्रमण भएका जिल्लाहरुमा DCCMC को सिफारिश अनुसार CCMC को परामर्शमा प्रदेश सरकारले कुनै क्षेत्र वा पूरै जिल्लामा लागू हुने गरी पूर्ण वन्दावन्दी (शिल्ड) गर्ने ।

११: उपत्यका लगायत विभिन्न होल्डिङ सेण्टर तथा क्वारेन्टाइनमा रहेका व्यक्तिहरूलाई सहजीकरण गर्न महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयबाट सामाजिक संघ संस्था परिचालन गर्ने।

नेपाल सरकार
कोभिड-१९ संकट व्यवस्थापन संचालन केन्द्र (CCMC)
निर्देशक समिति